परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ११४ पृष्ठ ४ २०८२ फागुन ०१ गते, शुक्रबार 13 February, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## पाँच दशकदेखिको प्रतीक्षा :

# गौरीडाँडामा अझै नआएको लालपुर्जा

टक नेपाल

बर्दिवास नगरपालिका-३, गौरीडाँडाका ७७ वर्षीय इन्द्रबहादुर भुजेलको अनुहारमा उमेरले कोरेका रेखा स्पष्ट देखिन्छन्, तर उहाँको स्वरमा अझै आशा बाँकी छ। “हाम्रो मुख्य समस्या लालपुर्जा हो,” उहाँले भन्नुभयो, “नेताहरूले दिन्छु भन्नुहुन्छ, तर अहिलेसम्म पाएका छैनौँ। हामीलाई सधैँ झुटो आश्वासन नदिए हुन्थ्यो।”



रामेछापको सुखजोरबाट २०४१ सालमा बसाइँ सरी तत्कालीन गौरीवास गाविस, हाल बर्दिवास-३ मा आउनुभएका भुजेलले यही माटोमा चार दशकभन्दा बढी समय बिताइसक्नुभएको छ। बेला-बेलामा नापजाँच भए पनि लालपुर्जा कहिले हात पर्छ भन्ने टुङ्गो नभएको उहाँ बताउनुहुन्छ। “नाम टिपिन्छ, कागज बन्छ, तर अन्त्यमा केही हुँदैन,” उहाँको गुनासो छ।

७५ वर्षीया कृष्णामाया भुजेल पनि २०३९ सालदेखि यहीँ बसोबास तथा खेतीपाती गर्दै आउनुभएको छ। चुनावका बेला उम्मेदवारहरूको चहलपहल बढ्ने तर समस्या भने उस्तै रहने अनुभव उहाँले बारम्बार गर्नुभएको छ। “यहाँ धेरै चुनाव भए, नेताहरू आउनुभयो, जानुभयो,” उहाँले भन्नुभयो, “तर लालपुर्जाको समस्या जस्ताको तस्तै छ।” चुनाव जितिसकेपछि पनि जनप्रतिनिधिहरूले यो समस्यालाई गम्भीरतापूर्वक लिनुपर्ने उहाँको आग्रह छ।

नेपाल सरकारका अवकाशप्राप्त उपसचिव रामकुमार कार्कीका अनुसार सुकुम्बासी समस्या निर्वाचनका बेला भोट बैंकका रूपमा प्रयोग हुँदै आएको देखिन्छ। “हरेक निर्वाचनमा यही मुद्दा उठाएर मत माग्न आउनुहुन्छ,” उहाँले भन्नुभयो, “तर समाधान भने कहिल्यै हुँदैन।”

स्थानीय तथा सामाजिक अभियन्ता आरती बुढाथोकीका अनुसार महोत्तरी जिल्लामै सबैभन्दा धेरै सुकुम्बासी तथा अव्यवस्थित बसोबासी समस्या बर्दिवास नगरपालिका, विशेषगरी वडा नम्बर ३ को गौरीडाँडामा केन्द्रित छ। “समस्या देखाएर मत माग्न सजिलो भएको छ,” उहाँले बताउनुभयो।

६५ वर्षीया अम्बिका घिमिरेले वर्षौंदेखि घर-खेत उपभोग गर्दै आउनुभएको छ। तर लालपुर्जा नहुँदा आफूले बसोबास गरिरहेको घरजग्गा आफ्नै नभएको जस्तो अनुभूति हुने उहाँ बताउनुहुन्छ। “बेला-बेला बस्ती खाली गराउने हल्ला चल्छ,” उहाँले भन्नुभयो, “कतै साँच्चै घरबारविहीन त नहोइएला भन्ने डर लागिरहन्छ।”

साविक गौरीवास गाविसको उत्तरमा पाटुखोलादेखि दक्षिणमा गौरीडाँडाको फेदीसम्म फैलिएको करिब ३ सय ६४ बिघा ऐलानी जमिनमा ५० वर्षभन्दा पुरानो ठूलो बस्ती बसोबास गर्दै आएको छ। यहाँका बासिन्दाको साझा पीडा एउटै छ–जग्गा छ, तर कानुनी प्रमाण छैन। अधिकांश ज्येष्ठ नागरिकहरूको एउटै कामना छ, “हामीजस्तो सुकुम्बासी सन्तान नबनोस्, छोरानातिले कम्तीमा जग्गाधनीको प्रमाण पाउन सकून्।”

राणा शासनकालमा डिट्ठा गौरीनारायणलाई चिया बगानका लागि बकस दिइएको यो जमिन २००४ सालमा फँडानी गरिएको थियो। तर मालपोत तिर्न नसकिएपछि २०१६ सालमा लगतकट्टा भई ऐलानीमा परिणत भएको इतिहास भेटिन्छ। त्यसयता यहाँ बसोबास बढ्दै गयो, तर कानुनी स्वामित्वको विषय भने अन्योलमै रह्यो। सिन्धुलीको महादेवडाँडाबाट २०३० सालमा गौरीडाँडा आउनुभएका भद्रबहादुर मगरले दुई कट्ठा जमिन किनेर रैथाने बन्नुभएको थियो। “जीवनभर सुकुम्बासी भइएला भन्ने सोचेको थिइनँ,” उहाँले भन्नुभयो। किनेको जमिनको प्रमाणपत्र पाउने आशा अझै नछोडेको उहाँ बताउनुहुन्छ।

बेलाबेलामा सुकुम्बासी समस्या समाधानका लागि गठन हुने सुकुम्बासी समस्या समाधान आयोग/भूमि आयोगले तथ्याङ्क सङ्कलन गरे पनि आयोगहरू स्थायित्व नपाउँदा काम प्रभावकारी हुन सकेको छैन। पछिल्लो पटक पिताम्बर महतोको नेतृत्वमा रहेको राष्ट्रिय भूमि आयोगले बर्दिवास नगरपालिकामा लालपुर्जा वितरणको तयारी थालेको थियो। आयोग आएपछि ठाउँ-ठाउँमा जग्गा नापजाँचको काम अघि बढाइएको थियो र केही ठाउँमा लालपुर्जा वितरण प्रक्रिया पनि सुरु भएको थियो। तर भदौ २३-२४ गते भएको जेन्जी आन्दोलनपछि आयोग खारेज गरियो। आयोगका पदाधिकारीहरू अदालत गएपछि पुनः बहाली भए पनि त्यसको प्रभाव स्थानीय तहसम्म परेको देखिन्छ।

बर्दिवास नगरपालिकाका मेयर प्रहलाद क्षेत्री कानुनी जटिलताका कारण काम अघि बढाउन कठिनाइ भएको बताउनुहुन्छ। “हामीले बाचा बिर्सिएका छैनौँ,” उहाँ भन्नुहुन्छ, “तर कानुनी जटिलताका कारण समस्या भएको हो। प्रक्रिया अघि बढाइएको छ।”

हरेक चुनावमा ऐलानी जमिन नम्बरी बनाउने वाचा दोहोरिन्छ। उम्मेदवारहरू आश्वासनका पोका बोकेर सुकुम्बासी बस्ती पुग्छन्। बस्तीले फेरि विश्वास गर्छ, तर चुनाव सकिएपछि आश्वासन पनि सेलाउँछ। पाँच दशकदेखि घर, खेत र माटोसँग गाँसिएको जीवनले एउटा सानो कागज–‘लालपुर्जा’–को प्रतीक्षा गरिरहेको छ।

“एक दिन त पक्कै लालपुर्जा पाउँछौँ,” स्थानीयहरूको सामूहिक बैठकमा बारम्बार दोहोरिने वाक्य यही हो। तर त्यो दिन कहिले आउँछ भन्ने प्रश्न अझै गौरीडाँडाको बाटोमै अल्झिएको छ–‘पर्ख र हेर’ को अनिश्चित यात्रामा। गोरखापत्र अनलाइन

**आन्तरिक सजावट लगायतको स्थिर सम्पत्ती विक्रि गर्ने सम्बन्धि सूचना**

यस बैंकको वर्दिवास शाखा कार्यालयमा रहेको आन्तरिक सजावट लगायतको स्थिर सम्पत्ती जे जस्तो अवस्थामा छ सोहि अवस्थामा विक्रि गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको ७ (सात) दिन भित्र बैंकको शाखा कार्यालयमा खरिद गर्न कुबुल गरेको मुल्य उल्लेख गरी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

अन्य जानकारीः

१) शाखा कार्यालयमा सम्पर्क गरी विक्रि गरिने आन्तरिक सजावट लगायतको स्थिर सम्पत्तीको निरिक्षण गर्न सकिनेछ।

२) प्रस्ताब स्वीकृत भएमा सो को सूचना बैंकले टेलिफोन/इमेल/पत्रबाट दिनेछ र सूचना दिएको मितिले ७ (सात) दिन भित्र कबुल गरेको रकम बैंकमा बुझाई खरिदकर्ता स्वयंको खर्चमा सामानको व्यवस्थापन गर्नुपर्नेछ।

**पुनश्चः कुनै पनि प्रस्तावलाई कारण खुलाई /नखुलाई स्वीकृत वा अस्वीकृत गर्ने अधिकार बैक सँग सुरक्षित रहने छ।**

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

सम्पर्क ठेगाना:
लक्ष्मी सन्राइज बैंक लिमिटेड
वर्दिवास महोतरी
फोन नं.: ०४४५५०५६३/६४

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### काँध फेर्ने समय

एन्टोनियो ग्राम्सीले भनेझैँ, "पुरानो मरिरहेछ, नयाँ जन्मिन संघर्षरत छ" – आजको नेपालको राजनीति यही संक्रमणको घेरामा छ। आगामी फागुन २१ को निर्वाचनलाई स्थिरताको आशा गरिए पनि यथार्थमा यो गहिरिँदो संरचनात्मक संकटको अर्को कडी बन्ने जोखिम देखिन्छ। कुनै दलको स्पष्ट बहुमत असम्भवजस्तै हुँदा फेरि अस्वाभाविक गठबन्धनको सरकार बन्ने सम्भावना प्रबल छ। सिद्धान्तभन्दा सत्ता केन्द्रित समीकरणले अल्पकालीन सहमति त देला, तर दीर्घकालीन स्थिरता दिन सक्दैन।

भूराजनीतिक सन्तुलन झन् जटिल बन्दै गएको छ। उत्तर र दक्षिण दुवै छिमेकी आफ्ना सुरक्षा चासोमा सजग छन्, पश्चिमी प्रभावको छाया पनि उत्तिकै सक्रिय छ। यस्तो अवस्थामा कमजोर आन्तरिक आधार भएको सरकारले कूटनीतिक सन्तुलन जोगाउन कठिन हुनेछ।

उता रेमिट्यान्सबाट उदाएको नव-मध्यम वर्ग सेवा, सुशासन र विधिको शासन खोजिरहेको छ। पुरानो राजनीतिक संस्कारले ती अपेक्षा सम्बोधन गर्न नसके असन्तुष्टि थप चर्किनेछ। सामाजिक सञ्जालको 'सूचना युद्ध' ले ध्रुवीकरणलाई अझ तीव्र बनाइरहेको छ।

अब आवश्यकता स्पष्ट छ–शासकीय सुधार र सन्तुलित, स्वायत्त परराष्ट्र नीति। आगामी वर्षहरू नेपालका लागि निर्णायक मोड हुन सक्छन्। स्थिरता स्वतः आउने छैन; त्यसका लागि दूरदृष्टि, साहस र नयाँ सहमति अनिवार्य छन्।




# सांसद बन्ने लालसा...

२०५६ सालको निर्वाचनअघि भण्डारी कांग्रेसमा प्रवेश गरे र त्यो निर्वाचनमा रूख चुनाव चिह्नबाट महोत्तरी-३ बाट निर्वाचित भए।

२०६२-०६३ को राजनीतिक परिवर्तनसँगै उनी कांग्रेस छाडेर उपेन्द्र यादव नेतृत्वको मधेसी जनअधिकार फोरम नेपाल पुगे। २०६४ को पहिलो संविधानसभा निर्वाचनमा महोत्तरी-६ बाट निर्वाचित भए। फोरमको चुनाव चिह्न मसाल थियो।

२०७० मा भएको दोस्रो संविधानसभा निर्वाचनअघि आफ्नै नेतृत्वमा राष्ट्रिय मधेस समाजवादी पार्टी बनाए। त्यही पार्टीबाट महोत्तरी-१ र महोत्तरी-६ बाट चुनावमा प्रतिस्पर्धा गरे, तर दुवै क्षेत्रमा पराजित भए।

संविधान जारी भएपछि २०७४ मा भएको निर्वाचनमा महोत्तरी-२ बाट भण्डारी राष्ट्रिय जनता पार्टी नेपालबाट निर्वाचित भए। चुनाव चिह्न छाता थियो। २०७९ को निर्वाचनमा भण्डारी महोत्तरी-२ बाट लोकतान्त्रिक समाजवादी पार्टीबाट उम्मेदवार बनेर जितेका थिए। चुनाव चिह्न साइकल थियो। अहिले भण्डारी जनता समाजवादी पार्टी नेपालबाट उम्मेदवार छन्। उनको चुनाव चिह्न ढल्केको छाता छ।

**अनिल झा**

अनिल झा पनि दल बदल्दै संसद्मा पुग्न खोज्ने नेता हुन्। अहिलेसम्म दुई कार्यकाल दुई पार्टीका चुनाव चिह्नबाट उनी सांसद् भएका छन्। अहिले तेस्रोपटक अर्को चुनाव चिह्नबाट प्रतिस्पर्धामा छन्।

झा २०६४ को संविधानसभा निर्वाचनमा सद्भावना पार्टीको समानुपातिक सांसद् बनेका थिए। चुनाव चिह्न तीर थियो। २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा राष्ट्रिय जनता पार्टी नेपालबाट रौतहट-१ मा उम्मेदवार बनेर विजयी भएका थिए। चुनाव चिह्न छाता थियो।

झा अहिले रौतहट-१ मा उम्मेदवार बनेका छन्। यसपटक उनी नेपाली कांग्रेसको चुनाव चिह्न रूख लिएर चुनावी मैदानमा छन्।

पुष्पकमल दाहाल 'प्रचण्ड'

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' पनि दलको नाम र चिह्न बदल्दै निर्वाचनमा प्रतिस्पर्धा गर्नेमा पर्छन्। १० वर्षे सशस्त्र द्वन्द्वबाट उदाएका प्रचण्ड २०६४ सालमा भएको पहिलो संविधानसभा निर्वाचनबाट संसदीय राजनीतिमा हाम फालेका हुन्। नेकपा माओवादी, त्यसपछि एकीकृत नेकपा माओवादी, त्यसपछि नेकपा माओवादी केन्द्र हुँदै उनी नेतृत्वको पार्टीको नाम अहिले नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बनेको छ। पाँच निर्वाचनमा प्रतिस्पर्धा गर्दा दुई चुनाव चिह्नबाट उनले प्रतिस्पर्धा गर्दैछन्।

प्रचण्डले २०६४ मा काठमाडौँ-१० र रोल्पा-२, २०७० मा सिराहा-३, २०७४ मा चितवन-३ र २०७९ मा गोरखा-२ बाट चुनाव चिह्न हसियाँ हथौडामा प्रतिस्पर्धा गरेर जितेका थिए। यद्यपि २०७० मा काठमाडौँ-१० मा हसियाँ हथौडा चिह्नबाट प्रतिस्पर्धा गर्दा कांग्रेस उम्मेदवार राजन केसीसँग पराजित भएका थिए।

अहिले उनी पूर्वी रुकुमबाट चुनाव चिह्न तारा लिएर नेकपाको उम्मेदवार बनेका छन्।

**माधवकुमार नेपाल**

नेकपाका सहसंयोजक माधवकुमार नेपालले पनि हालसम्म तीनवटा चुनाव चिह्नबाट प्रतिस्पर्धा गरिसकेका छन्। नेपालले २०४८ सालबाट संसदीय यात्रा सुरू गरेका हुन्।

२०४८ मा राष्ट्रिय सभा, २०५६ मा प्रतिनिधिसभा निर्वाचनमा रौतहट-१, २०७० मा रौतहट-१ र २०७४ मा काठमाडौँ-२ मा नेकपा एमालेको सूर्य चिह्नबाट प्रतिस्पर्धा गरी उनी निर्वाचित भएका थिए। २०६४ को पहिलो संविधानसभा निर्वाचनमा नेपाल रौतहट-१ मा सूर्य चिह्नबाट प्रतिस्पर्धा गरेका थिए, तर पराजित भए।

२०७९ मा तत्कालीन नेकपा एकीकृत समाजवादीको चुनाव चिह्न कलमबाट रौतहट-१ बाट नेपाल निर्वाचित भए। फागुन २१ गतेको निर्वाचनमा नेपाल नेकपाको तारा चुनाव चिह्न लिएर प्रतिस्पर्धामा छन्। उनको निर्वाचन क्षेत्र रौतहट-१ हो।

**जनार्दन शर्मा**

जनार्दन शर्मा फागुन २१ गतेको निर्वाचनमा चुनाव चिह्न र पार्टी परिवर्तन गरी उम्मेदवार बनेका छन्। २०६४ र २०७० मा भएका संविधानसभा निर्वाचनमा माओवादीको चुनाव चिह्न हँसिया हथौडाबाट रूकुममा निर्वाचित भएका थिए।

त्यस्तै २०७४ र २०७९ रुकुम पश्चिमबाट हँसिया हथौडा चुनाव चिह्न लिएर प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका शर्मा अहिले प्रगतिशील लोकतान्त्रिक पार्टीको चुनाव चिह्न आँखा लिएर रुकुम पश्चिमबाटै सांसद बन्न प्रतिस्पर्धामा छन्।

**प्रेम आले**

प्रेम आले पनि फरक-फरक चुनाव चिह्नबाट चुनाव लडिरहने नेतामा पर्छन्। आले २०७० मा डोटी-२ र २०७४ मा डोटीमा नेकपा एमालेको सूर्य चिह्नबाट प्रतिस्पर्धा गर्दै निर्वाचित भएका थिए।

२०७९ मा आलेले पार्टी परिवर्तन गरेर नेकपा एकीकृत समाजवादीमा पुगे। त्यो पार्टीको कलम चुनाव चिह्नबाट प्रतिस्पर्धा गर्दै निर्वाचित भए।

अहिले उनी नेपाली कम्युनिस्ट पार्टीको चुनाव चिह्न ताराबाट प्रतिस्पर्धामा छन्। यसपटक उनले चुनाव चिह्न मात्रै होइन, निर्वाचन क्षेत्र पनि परिवर्तन गरेर डोटीबाट कैलाली-५ मा झरेका छन्।

**डा. भीम रावल**

नेकपाका नेता डा. भीम रावल यसपटक फरक चुनाव चिह्नबाट प्रतिस्पर्धा गर्दैछन्। २०५१ मा अछाम-१, २०६४ मा समानुपातिक प्रणालीबाट र २०७० मा अछाम-१ र २०७४ अछाम-१ बाट नेकपा एमालेको सूर्य चिह्न लिएर प्रतिस्पर्धा गरी रावल निर्वाचित भएका थिए।

उनी अहिले नेपाली कम्युनिस्ट पार्टीको तारा चुनाव चिह्न लिएर अछाम-१ बाटै प्रतिस्पर्धा गर्दैछन्।

**महिन्द्र राय यादव**

महिन्द्र राय यादव फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा पाँचौं पार्टी र चुनाव चिह्न लिएर मैदानमा होमिएका छन्। २०५१ र २०५६ मा सर्लाही-१ बाट नेकपा एमालेको चुनाव चिह्न सूर्यबाट प्रतिस्पर्धा गरी यादव निर्वाचित भएका थिए।

२०७० को संविधासभा निर्वाचनमा पार्टी परिवर्तन गरी तराई मधेस सद्भावना पार्टीबाट सर्लाही-४ मा उम्मेदवार बन्दै निर्वाचित भए। त्यसपछि पार्टी परिवर्तन गरेर राष्ट्रिय जनता पार्टी नेपालको चुनाव चिह्न छाताबाट प्रतिस्पर्धा गर्दै २०७४ को प्रतिनिधिसभा निर्वाचनमा सर्लाही-२ बाट निर्वाचित भए।

२०७९ मा पार्टी परिवर्तन गर्दै नेकपा माओवादी केन्द्रको चुनाव चिह्न हँसिया हथौडा लिएर सर्लाही-२ बाट निर्वाचित भए। अहिलेको निर्वाचनमा पुनः पार्टी परिवर्तन गर्दै यादव नेपाली कम्युनिस्ट पार्टीको तारा चुनाव चिह्न लिएर सर्लाही-२ मा प्रतिस्पर्धा गर्दैछन्।



# सांसद बन्ने लालसा : जसले फेरे पार्टी र चुनाव चिह्न

● टक नेपाल

राजनीति गर्नेका लागि प्रतिनिधिसभा निर्वाचन जितेर सांसद हुँदै मन्त्री बन्ने आकांक्षा हुन्छ। त्यसलाई पूरा गर्न केहीले आफू आबद्ध दलमा रहेर प्रयास गर्छन् भने केहीले दल फेरेर भए पनि संसद्मा पुग्ने प्रयास गरिरहन्छन्।

दल फेरेर सांसद, मन्त्री वा प्रधानमन्त्री बन्ने वातावरण निर्माण गर्न लागिपनेमा शीर्ष तहका नेतासम्म छन्। आठौं पटक निर्वाचन लडिरहेका विजयकुमार गच्छदार, राजेन्द्र महतो तथा पूर्वप्रधानमन्त्रीद्वय पुष्पकमल दाहाल 'प्रचण्ड' र माधवकुमार नेपालदेखि सबैभन्दा धेरै पटक मन्त्री बन्ने शरतसिंह भण्डारीसम्म छन्।



### विजयकुमार गच्छदार

विजयकुमार गच्छदार फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा सुनसरी-३ बाट प्रतिस्पर्धा गरिरहेका छन्। उनी नेपाली कांग्रेसको चुनाव चिह्न रूख लिएर अहिले प्रतिस्पर्धामा छन्। २०४८ सालदेखि २०५१, २०५६, २०६४, २०७०, २०७४, २०७० र अहिले २०८२ गरी ८ औँ निर्वाचनमा प्रतिस्पर्धामा रहेका गच्छदारले हालसम्म तीनवटा चुनाव चिह्नबाट प्रतिस्पर्धा गरेका छन्।

गच्छदार कांग्रेसको चुनाव चिह्न रूखबाट २०४८, २०५१ र २०५६ मा सुनसरी-२ बाट निर्वाचित भए। २०४८ मा एमाले उम्मेदवार लीला श्रेष्ठ सुब्बा, २०५१ मा एमालेकै उम्मेदवार कुलदीप पेशकर र २०५६ मा पनि एमालेकै उम्मेदवार रेवतीरमण भण्डारीलाई पराजित गरे।

२०६४ मा भएको पहिलो संविधानसभा निर्वाचनमा गच्छदार पार्टी परिवर्तन गर्दै उपेन्द्र यादव नेतृत्वको मधेसी जनअधिकार फोरम नेपाल प्रवेश गरे। त्यो बेला गच्छदार फोरमको मसाल चिह्नबाट सुनसरी-३ र मोरङ-७ गरी दुई ठाउँबाट प्रतिस्पर्धामा उत्रिए र दुवै क्षेत्रबाट विजयी भए। गच्छदारले सुनसरी-३ मा कांग्रेसका अगमलाल चौधरी र मोरङ-७ मा कांग्रेसकै डा. शेखर कोइरालालाई पराजित गरेका थिए।

२०६६ सालमा गच्छदारले फोरम नेपाल फुटाएर आफ्नै नेतृत्वमा मधेसी जनअधिकार फोरम लोकतान्त्रिक पार्टी बनाए। २०७० को दोस्रो संविधानसभा निर्वाचनमा गच्छदारले त्यही पार्टीको नमस्कार चिह्नबाट सुनसरी-३ मा एमाले उम्मेदवार भगवती चौधरीलाई पराजित गरे। संविधान जारी भएपछि २०७४ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा गच्छदार कांग्रेस फर्किएर सुनसरी-२ मा एमाले उम्मेदवार भगवती चौधरीलाई दोस्रो पटक पराजित गरे। २०७९ मा भने भगवतीले गच्छदारलाई पराजित गरिन्।

### राजेन्द्र महतो

राजेन्द्र महतो पनि चुनाव चिह्न फेरेर सांसद बन्न प्रयास गरिरहने नेता हुन्। २०४८ सालदेखि नै निर्वाचनमा होमिन थालेका महतोले अहिलेसम्म चारवटा पार्टी परिवर्तन गरिसकेका छन्।

२०४८ र २०५१ को निर्वाचनमा नेपाल सदभावना पार्टीबाट सर्लाही-२ मा उम्मेदवार बनेका महतो दुवै पटक कांग्रेस उम्मेदवार मीना पाण्डेसँग पराजित भए। २०५६ मा सर्लाही-२ मा नेपाल सद्भावना पार्टीबाटै निर्वाचित भएर पहिलो पटक सांसद बने। उक्त निर्वाचनमा महतोले राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार सूर्यबहादुर थापालाई पराजित गरेका थिए। त्यसबेला नेपाल सद्भावना पार्टीको चुनाव चिह्न पञ्जा थियो।

२०६४ सालमा सद्भावना पार्टीबाट सर्लाही-४ मा तराई मधेस लोकतान्त्रिक पार्टीका रामचन्द्र राय यादवलाई पराजित गरे। त्यो बेला चुनाव चिह्न तीर थियो। २०७० मा सर्लाही-४ बाट तीर चुनाव चिह्न लिएर लडेका महतो तराई मधेस सद्भावना पार्टीका महिन्द्र राय यादवसँग पराजित भए। २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा राष्ट्रिय जनता पार्टी नेपालबाट उम्मेदवार बन्दै धनुषा-३ मा कांग्रेस उम्मेदवार विमलेन्द्र निधिलाई पराजित गरे। त्यसबेला चुनाव चिह्न छाता थियो।

२०७९ को निर्वाचनमा पनि महतो सर्लाही-२ मै उम्मेदवार बने। त्यसबेला पार्टी परिवर्तन गर्दै लोकतान्त्रिक समाजवादी पार्टी नेपालबाट प्रतिस्पर्धा गरे। साइकल चुनाव चिह्नमा प्रतिस्पर्धा गरेका महतो माओवादी केन्द्रको चुनाव चिह्नमा लडेका महिन्द्र राय यादवसँग पराजित भए।

महतो अहिले राष्ट्रिय मुक्ति पार्टी खोलेर अध्यक्ष बनेका छन्। आगामी फागुन २१ मा हुने निर्वाचनका लागि उनी नागरिक उन्मुक्ति पार्टी नेपालको चुनाव चिह्न जाँतोबाट सर्लाही-२ मा उम्मेदवार छन्।

### उपेन्द्र यादव

पार्टीको नाम र चुनाव चिह्न परिवर्तन गरेर चुनावमा प्रतिस्पर्धा गरिरहने अर्को नेता हुन् उपेन्द्र यादव। उनको दल विभिन्न पार्टीसँग एकता हुँदा नाम र चिह्न परिवर्तन हुँदै आएको छ। हाल जनता समाजवादी पार्टी नेपालको अध्यक्ष रहेका यादवले हालसम्म तीनवटा पार्टी र दुई चुनाव चिह्नबाट प्रतिस्पर्धा गरेका छन्।

मधेसी जनअधिकार फोरम नेपाल, संघीय समाजवादी फोरम नेपाल र जनता समाजवादी पार्टी नेपालबाट उनले चुनावी प्रतिस्पर्धा गरेका छन्। यादव मसाल र छाता चुनाव चिह्नबाट प्रतिस्पर्धा गरिरहेका छन्।

जसपा नेपालबाट उम्मेदवार बन्दै २०७९ मा भएको निर्वाचनमा सप्तरी-२ बाट जनमत पार्टीका अध्यक्ष डा. सीके राउतसँग पराजित भएका यादव २०८० मा भएको उपनिर्वाचनमा बारा-२ बाट विजयी भएका थिए। चुनाव चिह्न छाता थियो।

जसपा नेपालको चुनाव चिह्न छाताबाटै २०७४ को प्रतिनिधिसभा निर्वाचनमा यादव सप्तरी-२ बाट विजयी भए। संघीय समाजवादी फोरमबाट २०७० को संविधानसभा (प्रतिनिधिसभा) निर्वाचनमा सुनसरी-५ बाट निर्वाचित भए। चुनाव चिह्न मसाल थियो। २०६४ सालको प्रतिनिधिसभा (संविधानसभा) निर्वाचनमा यादव मोरङ-५ र सुनसरी-५ मा मधेसी जनअधिकार फोरम नेपालबाट जिते। उपनिर्वाचनमा मोरङ-५ छोडेर सुनसरी-५ बाट सांसद पद कायम राखे। चुनाव चिह्न मसाल नै थियो।

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा यादवले सप्तरी-३ मा जसपा नेपालबाट उम्मेदवारी दर्ता गराएका छन्।

### शरतसिंह भण्डारी

चुनाव चिह्न फेर्दै सदैव सत्तामा पुग्ने सदावहार खेलाडी हुन् शरतसिंह भण्डारी। दुई पटक राष्ट्रिय पञ्चायत सदस्यबाट संसद् यात्रा सुरु गरेका भण्डारी अहिले पनि उम्मेदवार छन्।

भण्डारी २०३८ र २०४३ सालमा महोत्तरीबाट राष्ट्रिय पञ्चायत सदस्यमा निर्वाचित भएका थिए। त्यो बेला राष्ट्रिय पञ्चायतमा व्यक्तिपिच्छे चुनाव चिन्ह फरक-फरक हुन्थ्यो।

२०४८ सालको आम निर्वाचनमा पराजित भएका भण्डारी २०५१ कात्तिकमा सम्पन्न मध्यावधि निर्वाचनमा महोत्तरी-४ बाट स्वतन्त्र उम्मेदवार बन्दै निर्वाचित भए। स्वतन्त्र उम्मेदवारको चुनाव चिह्न फरक-फरक हुन्छ। बाकी पृष्ठ २......

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्धा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# बर्दिबासमा बस दुर्घटना : १८ जना घाइते

• टक नेपाल

महोत्तरीको बर्दिबास नगरपालिका-११ स्थित पूर्वपश्चिम लोकमार्गअन्तर्गत मडाहा पुल नजिक बिहीबार अपराह्न यात्रुबाहक बस दुर्घटना हुँदा १८ जना घाइते भएका छन् । घाइतेमध्ये तीन जना नाबालक र आठ जना महिला छन् ।

जिल्ला ट्राफिक कार्यालय बर्दिबासका निरीक्षक बाबुराम कार्कीका अनुसार कटारीबाट वीरगञ्जतर्फ जाँदै गरेको बा ४ ख ५७६ नम्बरको बस सडकदेखि करिब १० फिट तल खसेको हो । बसमा २७ जना यात्रु सवार रहेको जनाइएको छ ।

दुर्घटना लगत्तै घटनास्थल पुगेको नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले घाइतेहरूको उद्धार गरी बर्दिबास-१ स्थित शुभ स्वस्तिक अस्पताल पुऱ्याएको थियो । सामान्य चोट लागेका केही घाइते उपचारपछि घर फर्किएको निरीक्षक कार्कीले जानकारी दिनुभयो ।

अस्पतालका व्यवस्थापक दीपेन्द्र ढकालका अनुसार घाइतेहरूको टाउको, हातखुट्टा र छातीमा चोट लागेको छ । घाइतेहरू अधिकांश कटारी, सर्लाही र धनुषाका रहेका छन् । गुडिरहेको अवस्थामा बसको स्टेरिङ अकस्मात् फेल हुँदा दुर्घटना भएको प्रहरीको प्रारम्भिक अनुमान छ । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय बर्दिबासले जनाएको छ ।

# महोत्तरीमा ट्याक्टर दुर्घटना हुँदा दुई बालिकाको मृत्यु

• टक नेपाल

महोत्तरी जिल्लाको मटिहानी नगरपालिका-४, मझौरामा बिहीबार दिउँसो ट्याक्टर दुर्घटना हुँदा दुई बालिकाको ज्यान गएको छ।

यसरी मृत्यु हुनेमा मटिहानी नगरपालिका-४, मझौरा बस्ने वर्ष ७ की फरहाना खातुन तथा जिल्ला सिराहा, सिराहा बस्ने वर्ष ८ की रजिया खातुन रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ। दुबै बालिका एउटै घरका रहेको जनाइएको छ। रजिया मझौरास्थित मामाको घरमा आएकी थिइन्।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टले प्रारम्भिक अनुसन्धानमा खेत जोत्ने क्रममा ट्याक्टरको रोटावेटर पल्टिएर दुबै बालिका किचिएको देखिएको बताउनु हुँदै अनुसन्धान भइरहेको बताउनुभयो।

बिहीबार दिउँसो ज. १ त. ९७८२ नम्बरको ट्याक्टरमा रोटा वेटर लगाएर खेत जोतिरहेको अवस्थामा रोटावेटर पल्टिएर दुर्घटना भएको देखिएको बताउनु हुँदै प्रवक्ता भट्टले थप जानकारी अनुसन्धानपछि भन्न सकिने बताउनुभयो। टयाक्टरमा दुवै बालिका बसिरहेको बेला एक्कासी दुर्घटना हुन पुगेको जनाइएको छ।

घटनास्थलमा पुगेर प्रहरीले अनुसन्धान सुरु गरेको छ। शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जलेश्वर लग्ने तयारी भइरहेको बताउनुभयो। ट्याक्टर चालक फरार रहेको र खोजतलास भइरहेको छ।

यसैबिच, मटिहानी नगरपालिकाका नगर प्रमुख हरिप्रसाद मण्डल घटनाको जानकारी पाएपछि घटनास्थल पुगेर जानकारी लिनुभएको छ। उहाँले ट्याक्टरको रोटा वेटरमा किचेर बालिकाको मृत्यु भएको देखिएको बताउनुहुँदै प्रहरीले अनुसन्धान गरिरहेको बताउनुभयो।

# मधेस प्रदेशमा ६७ वटा कानुन निर्माण

• टक नेपाल




मधेस प्रदेश सरकारले हालसम्म ६७ वटा कानुन निर्माण गरेको मधेस प्रदेशका मुख्य न्यायाधिवक्ता कार्यालयले जनाएको छ । मधेस प्रदेशका मुख्य न्यायाधिवक्ता डा सुनिलरञ्जन सिंहका अनुसार अन्य कानुन निर्माण प्रक्रियामा रहेका छन् ।

पटक-पटक सरकार परिवर्तनले थप कानुन निर्माणमा समस्या भएको बताइएको छ । मधेस-प्रदेश सरकारअन्तर्गत मुख्य न्यायाधिवक्ताको कार्यालयले सञ्चालन गर्दै आएको निःशुल्क कानुनी सहायता कार्यक्रम प्रभावकारी बन्दै गएको उनले बताए ।

कानुनी संरचनाले प्रदेशमा सुशासन र न्यायिक प्रणालीलाई थप सुदृढ बनाउने उनको भनाइ छ । प्रदेशमा निःशुल्क कानुनी सहायताका कारण गरिब तथा सीमान्तकृत वर्गका नागरिकका लागि न्याय प्राप्ति सहज भएको उनले बताए ।

आर्थिक अभावका कारण न्याय पाउनबाट बञ्चित हुनसक्ने दलित, विपन्न, अपाङ्गता तथा पछाडि परेका वर्गका नागरिकलाई लक्षित गरी सञ्चालन गरिएको यो कार्यक्रमबाट बर्सेनि लाभान्वित हुनेको संख्या बढ्दै गएको उनले जानकारी दिए ।

मधेसका आठै जिल्लामा तलब भत्तासहित कानुन व्यवसायी खटाएर कानुनी सहायता प्रदान गरिँदै आएको मुख्य न्यायाधिवक्ताको कार्यालयले जनाएको छ । यसले लक्षित वर्गका नागरिकलाई अदालतसम्म सहज पहुँच बनाउन सहयोग पुगेको न्यायाधिवक्ता सिंहले जानकारी दिए ।

आर्थिक वर्ष २०७५/७६ देखि सुरु गरिएको कार्यक्रममार्फत सेवा लिनेहरूको सङ्ख्या प्रत्येक वर्ष बढिरहेको उनले बताए । कार्यालयका अनुसार सुरुको वर्षमा १०८ जनाले सेवा लिएकामा २०७६/७७ मा ११०, २०७७/७८ मा १४४, २०७८/७९ मा २३८ तथा २०८१/८२ मा ३६८ जनाले निःशुल्क कानुनी सहायता लिएका छन् ।

लक्षित वर्गका सेवाग्राहीले जिल्ला, उच्च, सर्वोच्च तथा प्रशासकीय अदालतसम्म कानुनी सहयोग पाउँदै आएका छन् ।

Pan No. 121584733
DDA No. 3780432055942
9705446882, 9705446883
खुशी मेडिकल हल
बर्दिवास-२, महोत्तरी
औषधी पसल
यहाँ सबै प्रकारका औषधी सुपथ मूल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ ।

## जनहितमा जारी

- बिना अनुमति बोडिङ नगनुहोस्।
- भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
- जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
- खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
- सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
- गहिो बोडिङ गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
- अनियन्त्रित बोडिङले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
- बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
- पानीको सिाइकल पुनःप्रयोग प्रविधि प्रयोगमा ल्याआं।
- कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
- जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
- 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उताां।



सम्सी गाउँपालिका,महोत्तरी

पूर्ण खोप, सुरक्षित भविष्य
राष्ट्रिय खोप कार्यक्रम

पाठेघरको मुखको क्यान्सर विरुद्ध
एच.पि.भी. खोप

माघ २५ गतेदेखि
फागुन १५ गतेसम्म




तर स्थानीय तह अनुसार मिति र समय फरक-फरक हुने भएकाले नजिकैको विद्यालय वा स्वास्थ्य संस्थामा बुझेर खोप लगाउनुहोला ।

खोप कसलाई दिईदैछ?

कक्षा ६ मा अध्ययनरत सबै छात्रा तथा विद्यालय बाहिर रहेका १० वर्ष उमेरका किशोरीहरूलाई खोप दिइनेछ ।

साथै, गत वर्षको एच.पि.भी. खोप अभियानमा छुटेका

हाल कक्षा ७ देखि १० सम्म अध्ययनरत छात्रा तथा विद्यालय बाहिर रहेका ११ देखि १४ वर्ष उमेरका किशोरीहरूलाई पनि यो खोप दिइनेछ ।




खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

भंगहा नगरपालिका , महोत्तरी, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014